# साक्षर रत्ननगर नगरपालिका घोषणा कार्यक्रम
# २०७१ आषाढ ३१, मंगलवार






नेपाल सरकारको सन् २०१५ सम्ममा नेपाललाई पूर्ण साक्षर वनाउने अभियान अनुसार मिति २०७१।३।३१ गते मंगलवार दिनको ठिक १२:३० बजे एक भव्य समारोहका वीच साक्षर रत्ननगर नगरपालिका घोषणा कार्यक्रम सम्पन्न भयो । कार्यक्रम रत्ननगरनगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री सहदेव प्रसाद श्रेष्ठको अध्यक्षता रहेको उक्त कार्यक्रमका प्रमुख अतिथी प्रमुख जिल्ला शिक्षा अधिकारी श्री दामोदर शर्मा, विशिष्ठ अतिथी सहायक प्रमुख जिल्ला अधिकारी श्री शिवराम गेलाल ज्यू र भक्तपुर जिल्लाका जिल्ला शिक्षा अधिकारी श्री रमाकान्त शर्मा ज्यूको रहनु भएको थियो । यस भन्दा पहिला नेपाल उच्च मा.वि.को प्राङ्गणबाट विभिन्न जाती जनजाती, आमा समुह, टोल विकास संस्था, विद्यालय आदीका झाँकी सहितको र्‍याली रतननगरको मुख्य वजार हुँदै नगरपालिकाको प्राङ्गणस्थीत घोषणा सभामा परिणत भएको थियो ।

सो अवसरमा जिल्ला शिक्षा कार्यालयबाट छनौट भई साक्षरता कार्य संचालन गरेका सेवा प्रदायक संस्थाहरु ज्योर्तिमय सामाजिक अध्यन केन्द्र, स्थानीय स्वरोजगार केन्द्र, नारी जागरण केन्द्र र स्वास्थ्य तथा वातावरण विकास समाजले प्राप्त उपलब्धीहरुको जानकारी गराएका थिए । यस अभियान शुरु गर्नु भन्दा पहिला राष्ट्रिय जनगणना २०६८ अनुसार ६६ प्रतिशत थियो भने यस अभियान पछि यस नगरपालिकाको साक्षरता प्रतिशत ९८.११ पुगेको छ भने वाँकी निरक्षर व्यक्तिहरुलाई साक्षर बनाउनको लागि सम्पूर्ण राजनीतिक दलहरु, कर्मचारीहरु, सेवा प्रदायक संस्था, शिक्षक, वुद्धिजीवी, संघ संस्थाहरुले प्रतिबद्धता जाहेर गरेका छन् ।

यस नगरपालिकाको साक्षर प्रतिशत सम्वन्धि विवरण:

२०६८ सम्मको साक्षर प्रतिशत : ६६ प्रतिशत

साक्षर चितवन अभियानमा

साक्षर भएको : ३२.११ प्रतिशत

साक्षर चितवन अभियान पछि

जम्मा साक्षर प्रतिशत ९८.११ प्रतिशत

साक्षरता उपलब्धी तथ्यांक

| क स | वडा नं. | कार्यक्रम संचालन गर्ने संस्था | संचालीत कक्षा संख्या | ०६८ अनुसार वडागत जनसंख्या | ०६८ अनुसार निरक्षर संख्या | ०६९–०७१मा साक्षर संख्या | ५–१५को विद्यालय गएको संख्या | वडागत साक्षरता प्रतिशत | साक्षर घोषणा मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | स्थानीय स्वरोजगार केन्द्र | १९ | ४९९९ | ५९१ | ३४५ | ४४३ | ९६ | ०७०।९।२२ |
| २ | २ | स्थानीय स्वरोजगार केन्द्र | ६ | ४५८९ | ३७० | २१६ | ५०२ | ९६.३६ | ०७१।३।३१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ३ | नारी जागरण केन्द्र | २४ | ४०५७ | ६३५ | ५८८ | ८११ | ९८.८४ | ०७१।३।३१ |
| ४ | ४ | ज्योतिर्यमय सामुदायिक अध्ययनकेन्द्र | २० | ४१३४ | ४९५ | ४५४ | ७५२ | ९८.५० | ०७१।३।३१ |
| ५ | ५ | स्थानीय स्वरोजगार केन्द्र | २४ | ३५०२ | ७४४ | ५४४ | ७१९ | ९६ | ०७१।३।३१ |
| ६ | ६ | ज्योतिर्यमय सामुदायिक अध्ययन केन्द्र | १२ | १७६३ | ३०५ | ३०२ | ३६९ | ९९.५५ | ०७१।२।२६ |
| ७ | ७ | ज्योतिर्यमय सामुदायिक अध्ययन केन्द्र | १६ | २८४७ | ४५३ | ३८६ | ६८१ | ९६.४४ | ०७०।९।२२ |
| ८ | ८ | स्थानीय स्वरोजगार केन्द्र | २२ | ५७८९ | ५९४ | ४५३ | ४५० | ९६.८ | ०७०।९।२२ |
| ९ | ९ | स्वास्य तथा वातावरण विकास समाज नेपाल | १६ | २७२४ | ५१६ | ४३३ | ५९५ | ९५.८ | ०७०।९।२२ |
| १० | १० | स्वास्य तथा वातावरण | २३ | ३४९२ | ५११ | ४७५ | ११९० | ९७.२ | ०७०।९।२२ |
| ११ | ११ | स्वास्य तथा वातावरण विकास समाज नेपाल | १२ | २५१९ | ४०४ | ३३६ | ६९७ | ९६.२ | ०७०।९।२२ |
| १२ | १२ | स्वास्य तथा वातावरण | १४ | ३२२७ | ३५८ | २९४ | ५६४ | ९८ | ०७१।३।३१ |
| १३ | १३ | स्वास्य तथा वातावरण | १४ | २७२५ | ३०२ | २८५ | ५५४ | ९८.७ | ०७०।९।२२ |
| | | जम्मा | | **४६३६७** | **६२७५** | **५११३** | **७६३४** | **९८.११** | |